# नेपाल राजपत्र

## भाग ३


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, पुस १५ गते २०३६ साल [ अतिरिक्ताङ्क ५२


### राष्ट्रिय चुनाव आयोगको
### सूचना

राष्ट्रिय चुनाव आयोगको सिफारिशमा श्री ५ महाराजाधिराजबाट स्वीकृत गरिबक्सेको निम्नलिखित मतदाता नामसंग्रह (प्रथम संशोधन) नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

#### मतदाता नामसंग्रह (प्रथम संशोधन) नियमावली, २०३६

मतदाता नामसंग्रह नियमावली, २०३६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय चुनाव आयोगले बनाएको देहायका नियमहरूमा श्री ५ महाराजाधिराजबाट स्वीकृति प्रदान गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो नियमको नाम "मतदाता नामसंग्रह (प्रथम संशोधन) नियमावली, २०३६" रहेको छ।

(२) यो नियम मूल नियमावली लागू भएका सबै क्षेत्रमा लागू हुनेछ।

(३) यो नियम तुरुन्त प्रारम्भ हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


४९८

२. मतदाता नामसंग्रह नियमावलीमा संशोधन: मतदाता नामसंग्रह नियमावली, २०३६ को नियम १३ को उप-नियम (३) पछि निम्नलिखित उप-नियम (४) थपिएको छ:–

"(४) यस नियमावलीको यो वा अन्य नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ६ बमोजिम योग्यता भएका कुनै व्यक्तिको नाम नामसंग्रह गर्दा छुटेको वा नाम फरक परेकोमा म्यादभित्र दावी गर्न नसक्नाको मनासिब कारण छ भन्ने लागेमा आयोगले त्यस्ता व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्न वा सच्याउन आदेश दिन सक्नेछ।

तर– त्यस्तो आदेश यो नियम जारी भएको एकमहीनासम्म मात्र लागू रहनेछ।"

आज्ञाले–
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

८३८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।